STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सगै)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक २०१ ○श्रेणी 'क' ○२०७१ वैशाख १६ गते मंगलबार ○ 29 April. 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✔दक्ष तथा अनुभवी प्रशिक्षक ।
✔EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✔सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✔FREE books with cd
✔Regular class/ Mock test
✔समूहमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM INT'L EDUCATION
Prithivi Chowk, Pokhara
Ph: 061-541104

सक्रिय बन्दै संविधानसभाका समिति

पहिलो बैठकद्वारा नै कार्यविवरण र कार्यतालिका तारित, उपसमिति गठन

गोल्डेन न्यूज संवाददाता
काठमाडौं,१५ वैशाख ।

संविधानसभाबाट गत शनिबारमात्र बनेका विभिन्न पाँचवटा समितिहरु सक्रिय हुन थालेका छन् । यसक्रममा संविधानसभाको महत्वपूर्ण समिति संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको सोमबार बसेको पहिलो बैठकले आफ्नो कार्यविवरण र कार्यतालिका पारित गर्दै सहमति सम्झौता अध्ययनका लागि उपसमितिसमेत गठन गरेको छ । समितिका सभापति डा. बाबुराम भट्टराईको अध्यक्षतामा बसेको समितिको बैठकले २०७१ भदौ मसान्तसम्ममा राजनीतिक दलबीच मतभिन्नता रहेका सबै विषयमा सहमति कायम गर्ने र छलफलमा उठेका नयाँ विषयमा पनि सहमति गराई समावेश गर्नेसहितको कार्यतालिका पारित गरेको हो । कार्यतालिकामा जेठ १५ भित्र सरकारले विभिन्न पक्षसँग गरेको वार्तामा सम्झौता गरेका संविधान निर्माणसँग सम्बन्धित विषयको अध्ययन गर्ने तथा राजनीतिक संवादका लागि संविधानसभा बाहिर रहेको दलहरुको पहिचान गर्ने निर्धारण गरिएको छ । जेठ १६ देखि असार मसान्तसम्म सभाबाट प्राप्त निर्देशनसहितका असहमतिका विषयमा संवाद र छलफलमार्फत सहमति कायम गर्ने तथा साउन मसान्तसम्म संविधानसभाभित्र र बाहिर रहेका राजनीतिक दलहरुबीच संविधानका अन्तर्वस्तुमा सहमति कायम गर्न विभिन्न दलसँग छलफल, अन्तर्क्रिया र गोष्ठी गर्ने कार्यतालिकामा उल्लिखित छ । भदौ १५ सम्म संविधानका अन्तर्वस्तुमा सहमति कायम गरी सभामा प्रतिवेदन पेस गर्ने र भदौ मसान्तसम्म सहमति हुन नसकेका विषयबारे पुनः निर्णयार्थ सभामा प्रतिवेदन पेस गर्ने कार्यतालिका छ । पुस दश गतेसम्म सभाको निर्देशनसहित प्राप्त जनताको प्रतिक्रियासहितको विधेयकको मस्यौदामाथि सहमति कायम गरी सभामा पेस गर्ने प्रस्तावित कार्यतालिकमा उल्लेख छ ।

समितिले यसअघि विभिन्न समूह र दलसँग भएका १०१ सहमति, सम्झौताको अध्ययन गरी जेठ २ गतेभित्र प्रतिवेदन पेस गर्ने गरी सभासद् पूर्णबहादुर खड्काको संयोजकत्वमा नौ सदस्यीय उपसमिति समेत गठन गरेको छ । उपसमितिका अन्य सदस्यमा सुरेन्द्र पाण्डे, शक्तिबहादुर बस्नेत, दीलानाथ गिरी, लक्ष्मणलाल कर्ण, विश्वेन्द्र पासवान, रुक्मिणी चौधरी, रामकुमार राई र मोहम्मद अत्तहर कलाम रहेका छन् । बैठकमा समितिका सदस्य समेत रहेका प्रधानमन्त्री सुशील कोइराला पनि उपस्थित थिए । बैठकमा समितिका सभापति डा. भट्टराईले नेपाली जनताले वर्तमान संविधानसभाबाट ठूलो अपेक्षा गरेकाले आफू यस समितिमार्फत दलगत स्वार्थभन्दा माथि उठेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । बैठकमा नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपालले विवादित हरेक विषयमा व्यापक छलफल गरी सहमतिमा पुग्नुपर्ने र नभए विधि र प्रक्रियाबाट भएपनि आगामी नौ महिनाभित्रमा संविधान जारी गर्नुपर्ने बताए । नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् वन तथा भू(संरक्षण मन्त्री महेश आचार्यले संविधानसभा बाहिरका दलहरु, अधिकारकर्मी र सरोकारवालासमक्ष पुगेर उनीहरुलाई पनि सहमतिमा ल्याउन सके संविधान निर्माण प्रक्रिया सहज हुने बताए । उनले समितिले निकट भविष्यमा यस विषयमाथि राष्ट्रिय गोष्ठीको आयोजना गरी सबैको विचार बुझ्नुपर्नेमा जोड दिए । बैठकमा सभासद्हरु कमल थापा, सिपी मैनाली, अशोक राई, प्रेमबहादुर सिंह, मोहनबहादुर बस्नेत, चन्द्र भण्डारी, भीष्मराज आङ्देम्बे, अमरेशकुमार सिंह लगायतले संविधान निर्माणका विविध पक्षबारे आ-आफ्नो धारणा राखेका थिए ।

मेघाबाट ३१ लाख ४२ हजार लुटियो

गोल्डेन न्यूज संवाददाता
पोखरा,१५ वैशाख ।

मुलुकको शान्ति सुरक्षामा प्रभावकारी सुधार हुँदै गएको दावी भैरहेका बेला पर्यटकीय नगरी पोखरामा भने सोमबार दिउँसो नकावधारी एक समूहले रकम लुट्नुका साथै बैंकका कर्मचारीमाथि गोली प्रहार गरेको छ । पोखराको न्युरोडस्थित मेघा बचत तथा ऋण सहकारी संस्थाबाट चिप्लेढुङ्गामा रहेको यति डेभलपमेन्ट बैंकको रकम झिकेर लैजाँदै गर्दा तीनजना लुटेराहरुले सोमबार दिउँसो बैंकका कर्मचारीलाई गोली हानी रु ३१ लाख ४२ हजार लुटेर लगेका छन् । रकम झिकेर तल ओर्लदै गर्दा भूईंतला नजिकको भऱ्याङमा आइपुग्दा कास्कीको पुम्दीभुम्दी घर भई बैंकमा कार्यरत कर्मचारी भगवान बराललाई गोली हानी लुटेर लगेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

प्रत्यक्षदर्शीका अनुसार लुटेराहरु तीन जनाको समूहका थिए । सहकारी रहेको भवनको भऱ्याङमा लुकेर बसेका उनीहरुले बराल बाहिर निस्किएपछि गोली हानेका थिए । कञ्चटमा गोली लागेका उनी ढलेपछि लुटेरा समूह पैसा लिएर भागेको थियो । उनको तत्कालै उपचारका लागि फिस्टेल अस्पतालमा पुऱ्याए पनि त्यहाँ उपचार हुन नसकेपछि मणिपाल शिक्षण अस्पताल लगिएको छ । उनको अवस्था चिन्ताजनक रहेको बताइएको छ । प्रहरीले लुटेराको खोजतलास गरिरहेको बताएको छ ।

पोउवासंघद्वारा विनरोङलाई स्वागत

पोखरा,१५ वैशाख ।(गोल्डेन)

पोखरा उद्योग वाणिज्य संघले मित्रराष्ट्र चीनको कुनमिङ नगरका मेयर लि विनरोङको सम्मानमा स्वागत भेटघाट कार्यक्रम आयोजना गऱ्यो ।

पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी, कार्यसमिति सदस्य एवं पूर्व अध्यक्षहरु र मेयर विनरङ र उहांको टिमका दशजना उद्यमी व्यवसायीहरुको समुपस्थितिमा आयोजना गरिएको कार्यक्रममा बोल्दै मेयर विनरोङले पोखरा विश्वकै सुन्दर शहर भएकाले पोखराको पर्यटन क्षेत्रको भविष्य उज्वल रहेको बताए । पोखराको पर्यटन विकासका लागि कुनमिङ नगरका तर्फबाट आवश्यक सहयोग गर्न तयार रहेको जानकारी गराउँदै उनले पोखरा उद्योग वाणिज्य संघको कार्यसमिति परिवारलाई कुनमिङ भ्रमणको निमन्त्रणा गरे । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष संजिव बहादुर कोइरालाले चीन सरकारले पोखरामा गरेका महत्वपूर्ण सहयोगहरुको स्मरण गराउँदै चीन सरकारको सहुलियत ऋण सहयोगमा बन्न लागेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रकृयामा चीन सरकारको सहयोगी भूमिकाप्रति खुशी व्यक्त व्यक्त गरे ।

दशलाख दिइने

गोल्डेन न्यूज संवाददाता
पोखरा,१५ वैशाख ।

कास्कीको सिल्दुजुरे गाविस-९ बाहुनडाँडामा निर्माणाधीन माथिल्लो मादी जलविद्युत आयोजनाको सुरुङ खन्ने क्रममा माथिबाट पहिरो आइपुरिएर मृत्यु भएका मजदुरका परिवारलाई बिमाबाट रु १० लाख क्षतिपूर्ति दिइने भएको छ । आयोजनाका प्रमुख रामराज कोइरालाका अनुसार अन्य सहयोग पनि दिने सम्बन्धमा आयोजनाका पदाधिकारी, मृतकका आफन्त र मजदुरबीच छलफल भइरहेको बताइएको छ । उक्त घटनामा तीनजना मजदुरको मृत्यु भएको थियो । मृत्यु हुनेमा तनहुँ दुलेगौंडाका सुजन गुरुङ, उदयपुर चौघन्नीका नरेन्द्र तामाङ र अर्जुन तामाङ छन् । यसैबीच पर्साको लिपनिविर्ता गाविसमा सञ्चालित विश्वकर्मा सिमेन्ट उद्योगमा आज लोडरले च्यापिएर एक मजदुरको मृत्यु भएको छ । उद्योगको फ्लाइयास यार्डमा काम गर्ने पर्सा उदयपुर जिल्ला घुर्मी गाविस-४ निवासी ४२ वर्षीय रामाशीस राउत अहिरको मृत्यु भएको हो ।

ओलीको स्वास्थ्य सुधारोन्मुख

काठमाडौं,१५ वैशाख ।(रासस)

स्वास्थ्य उपचारका लागि त्रिवि शिक्षण अस्पतालमा भर्ना भएका नेकपा (एमाले) संसदीय दलका नेता केपी शर्मा ओलीको स्वास्थ्यमा क्रमिक सुधार देखिएको छ । अस्पतालका मेडिसिन विभाग प्रमुख डा. शशी शर्माका अनुसार उनको रक्तचाप १२०/८० र हृदयगति १०० रहेको छ । नेता ओलीको रगत, पिसाब र मिर्गौलासम्बन्धी परीक्षण भइरहेको छ । उनको स्वास्थ्यस्थिति बुझ्न पार्टी अध्यक्ष

बाँकी २ पृष्ठमा......

कार विक्रीमा
Hyundai, Matrix डिजल कार २००३ मोडलको राम्रो कण्डिसनको कार विक्रीमा छ ।
सम्पर्क :
९८०२८२३७१४

मनकामना दर्शनका लागि
मनकामना दर्शनार्थीहरुको लागि दैनिक रुपमा जान आउन बिहान ६.४५ बजेबाट आरामदायी डिलक्स बस सेवा सञ्चालन भइरहेको छ । साथै केवलकारको टिकट पनि पाईन्छ ।
बस छुट्ने स्थान : महेन्द्रपुलबाट
सम्पर्क फोन नं : ०६१५३९०१२
मो ९८५६०३६११९,९८०४१६८५१३

गण्डकी फार्म–रेष्टुरेण्ट जाऔँ
ट्राउट माछाको परिकारमा रमाऔँ
पश्चिमाञ्चल क्षेत्रकै पहिलो ट्राउट फार्म भुर्जुङ्खोला मूलखेतमा स्थापनाको चौंथो वार्षिक उत्सवको अवसरमा ट्राउट माछाका विभिन्न परिकारहरुमा विशेष छुटका साथै यही बैशाख १८ गते विभिन्न मनोरञ्जन तथा हिमाली साँस्कृतिक परिवारबाट विविध साँस्कृतिक कार्यक्रमहरु हुँदैछ ।माछाका पारखीहरुले यो अवसर नगुमाऔं । स्वास्थका लागि ट्राउट खान नछुटाऔं ।
स्थानः भुर्जुङ्खोला मूलखेत
सम्पर्कः ९८१५१५३४२४, ९८५६०२९५७९

तयारी कक्षा
अ.हे.व.
नेपाल राष्ट्रबैंक सहायक द्वितीय
रू. ४,000/-मात्र
सिट सिमित छ !
लोकसेवा आयोगले लिने **अ.हे.ब.** तथा नेपाल राष्ट्रबैंकको **सहायक द्वितीय** पदको तयारी कक्षा विशेष छुटका साथ **पोखरा सनराईज एकेडेमी**मा संचालन हुन लागेको हुँदा तुरुन्त सम्पर्क गर्नुहोस् ।
कक्षा संचालन वैशाख २० गतेदेखि
पोखरा सनराईज एकेडेमी
(Sunrise Cyber)
राष्ट्रबैंकचोक, पोखरा
फोन :०६१-४६२७८९, ४६०२३६, ९८५६०२९२१२



■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

\- बाइवल

सम्पादकीय . .

आमाको महिमा अपरम्पार

प्रत्येक वर्ष आमाप्रति श्रद्धाभाव प्रकट गर्ने मातातीर्थ औंशी आज हो । आजका दिन आफूलाई जन्म दिने आमाको मुख हेर्न छोराछोरी आमा भएको ठाउँमा गएर आफ्नो क्षमताअनुसार विभिन्न मिष्ठान्न खुवाउने र आमालाई विभिन्न उपहार दिने चलन छ । यो दिन आमा जीवित हुनेहरूले आमालाई मीठा मीठा परिकार बनाएर खुवाउने, लुगाफाटो तथा अन्य विविध उपहार दिएर कृतज्ञता जाहेर गर्ने गर्दछन् भने आमा नहुनेहरू भने यस दिन काठमाडौं उपत्यकाको पश्चिमतर्फ रहेको मातातीर्थ गई दिवङ्गत आमाको सम्झना गर्ने गर्दछन् ।

सृष्टिको प्रारम्भदेखि नै मातृ शक्तिको अत्यन्त महत्व रहेको बताउने नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा.रामचन्द्र गौतम मातातीर्थ औसी छोराछोरीले आमाको सम्झना एवम् सम्मान गर्ने दिन भएको बताइन्छ । मातातीर्थ कुण्डमा स्नान गरेपछि सन्तानले आफ्नो आमाको मुक्तिको कामना गर्दै तर्पण दिन्छन् । उक्त कुण्डमा पवित्र मनका साथ हेर्दा आमाको स्वरूपको दर्शन पाइन्छ भन्ने जनविश्वास रहेको छ । त्यहाँ गएर दिवङ्गत आमाको सम्झना गरे छोराछोरीले आमालाई तिर्नुपर्ने ऋणबाट मुक्त हुने र आफ्नी आमालाई पनि मुक्त गराउन सक्ने धार्मिक मान्यता रहेको छ । स्वस्थानी व्रत कथाअनुसार यो तीर्थमा सतीदेवीको अङ्ग पतन भई मातुलेश्वर महादेवको उत्पत्ति भएको थियो । त्यसकारण पनि यस ठाउँमा आएर शास्त्रोक्त विधिपूर्वक गरिने कर्मकाण्डबाट मृत आमाले मोक्ष पाउने तथा उक्त कार्य गर्ने सन्तानले जीवनभर सुख सन्तोष पाउने विश्वास रहिआएको छ ।

अर्को किंवदन्तीअनुसार भगवान् विष्णुको सातौं अवतारका रूपमा मर्यादा पुरुषोत्तम श्रीराम वनवासका क्रममा घुम्दै यो ठाउँमा आइपुग्नुभयो । उहाँलाई अपरिचित र नौलो देखेर स्थानीय बासिन्दाले आक्रमण गरे । फलस्वरूप श्रीराम र उनीहरूबीच घमासान युद्ध भई दुवै पक्ष आकुलव्याकुल भए । त्यही बेला माता सीताजीलाई प्यास लाग्यो । पानी खोज्दै जाँदा कतै पानी नभेटिएकाले भगवान् श्रीरामले गङ्गामाताको स्तुति गर्दै जमिनमा वाण प्रहार गरेपछि वाण लागेको ठाउँमा पानीको कुण्ड बन्यो । त्यहाँ माता सीताजीले सारा ब्रह्माण्डको साक्षात् दर्शन पाउनुभयो । ब्रह्माण्डको दर्शन पाउँदा उहाँको स्वरूप कुण्डमा रहेको ढुङ्गाको मूर्ति कोरिन पुग्यो ।

अर्को किंवदन्तीअनुसार प्राचीनकालमा उक्त स्थानमा घना जङ्गल भएकाले गाई चराउन आएका गोठालाहरू कुण्डको नजिकै बसेर खाजा खाइरहेका थिए । एउटा गोठालोको मुखमा रोटी नपरी कुण्ड भएतिर मात्र जाँदो रहेछ । उसले त्यहाँ आमाको दर्शन पाएछ, तर घर फर्कने बेलामा गोठालोले एक्लै फर्कन नमानेको र आमासँगै जाने इच्छा राख्दा आमाले छोरालाई 'हामी मृत आमाहरूको दर्शन गर्न सधैं वैशाख औंसीको दिन यो तीर्थमा आउनू' भन्ने वाचाका साथ छोरालाई सम्झाइबुझाई फर्काइदिइन् । त्यसै समयदेखि नै यो तीर्थको नाम मातातीर्थ रहन गयो । यतिधेरै महत्व रहेको मातातीर्थ औंसी केहीका लागि नरमाइलो हुने गर्दछ । सानैमा माता गुमाएका, माता भएर पनि भेट्ने समय नपाएका र कामको शिलशिलामा वैदेशिक रोजगारमा गएकाहरुले आफ्नो माताको सम्झनामा नरमाइलो मान्ने गर्दछन् । मातातीर्थ औंसीमामात्र होइन आफ्नी ममतामयी मातालाई सधैं पूज्ने परम्परा बसाल्न सके सभ्य समाजको परिकल्पना साकार हुन सक्छ । यसको थालनी आजैदेखि हामी सबैले आफैबाट शुरु गरौं ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल वैशाख १६ गते मंगलबार, तदनुसार अप्रिल २९ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चल्दै छ । चान्द्रमान अनुसार वैशाखकृष्णापक्ष चलिरहेको छ । शौरमान अनुसार आज वैशाखकृष्णपक्षको अमावश्य तिथि १५ घटि ३२ पला अर्थात बिहानमा ११ बजेर ४१ मिनेटसम्म त्यसउप्रान्त प्रतिपदा तिथि लाग्नेछ । आज सूर्य मेष राशिमा रहेको छ भने चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३२ घटि ४७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २९ मिनेटमा जयदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ३६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : रोजगारीबाट आत्मसन्तुष्टि मिल्नेछ, नयाँ मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, मानसम्मानको अवसर ।

वृष : भूमि सम्बन्धि विवाद, वहस पैरवि कार्यक्रम स्थगित, सुनचाँदी कारोबारमा मन्दी आउनेछ दिन राम्रो रहनेछैन ।

मिथुन : मान्यजनबाट सहानुभूति, व्यापारिक कार्य सफल, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ ।

कर्कट : व्यापार व्यवसायबाट घाटा हुन सक्नेछ, स्वास्थ्यमा एक्कासी खराबी आउन सक्नेछ, मानसिक चिन्तन हुनेछ ।

सिंह : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको ठूलो राशिको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा ।

कन्या : दाजुभाई बीच मनमुटाव हुने, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको विकास निर्माणको कार्य रोकिनेछ ।

तुला : नयाँ व्यवसाय गर्नतिर मन जाने, पारिवारिक समस्या सुल्झिनेछ, लामो समयदेखि गरको कार्यमा सम्मान मिल्ने ।

वृश्चिक : आर्थिक लेनदेनमा विवाद हुनेछ, धार्मिक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ ।

धनु : मित्रहरुको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुने ।

मकर : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।

कुम्भ : सरकारीपक्षबाट सहयोग, नयाँ साथीसँग सम्बन्ध गासिने, सामाजिक सक्रियता, सहयोगी हातहरु बढ्दै जानेछन ।

मीन : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य र व्यापारमा असफल हुने, टाढाको यात्रा विफल ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

राप्रपा नेपालको विभिन्न कमिटीमा नयाँ नेतृत्व

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ वैशाख ।

राप्रपा नेपाल कास्कीले क्षेत्रीय तथा नगर अधिवेशनलाई तीवै पारेको छ । यहि १९ गते हुने जिल्ला अधिवेशनलाई मध्यनजर गर्दै राप्रपाले विभिन्न कमिटीको अधिवेशनलाई तीव्र पारेको हो । अधिवेशनबाट कास्की क्षेत्र नं. १ मा नारायण सुवेदी निर्वाचित भएका छन् । समितिको उपाध्यक्षमा धनसुब्बा गुरुङ, सचिवमा महेश्वर आचार्य, कोषाध्यक्षमा शर्मिला गुरुङ रहेका छन् । यस्तै क्षेत्र नं. २ मा गीता गुरुङ अध्यक्षमा निर्वाचित भएकी छन. । समितिको उपाध्यक्षमा बुद्धिमान गुरुङ, कृष्णमणि बराल र कृष्णकुमारी थापा रहेका छन् भने सचिवमा निर्मल खत्री, कोषाध्यक्षमा कर्णबहादुर केसी र सहसचिवमा रमेश त्रिपाठी रहेका छन् । यस्तै क्षेत्र नं. ३ मा कृष्णराज अधिकारीलाई सर्बसम्मति अध्यक्षमा निर्वाचित गरिएको छ । समितिको उपाध्यक्षत्रयमा प्रेमबहादुर मल्ल, भोलाजङ्ग सुवेदी, परमेश्वर बस्ताकोटी, सचिवमा गणेशकुमार श्रेष्ठ, कोषाध्यक्षमा मधुमाया तिवारी र सहसचिवमा सरस्वती पौडेल रहेका छन् । क्षेत्र नं. ४ मा समेत अधिवेशन तयारी पूरा भएको बताइन्छ ।

यता, पोखरा नगर कमिटीमा महेन्द्र कार्कीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको छ । समितिको उपाध्यक्षत्रयमा मनोज रानाभाट, जयन्द्रराज भण्डारी र धमेन्द्र थापा रहेका छन् । सचिवमा इश्वरी चापागाइ चयन भएका । क्षेत्र नं. १ को क्षेत्रीय अधिवेशनलाई सम्बोधन गर्दै राप्रपा नेपालका महामन्त्री चन्द्रबहादुर गुरुङले पार्टीको संगठन विस्तारका लागि गाउँ, वडा तथा नगरस्तरदेखि जिल्लासम्म अधिवेशनलाई व्यापक बनाइएको बताए । कार्यक्रममा राप्रपा नेपालका आमन्त्रित केन्द्रीय सदस्य देवीजङ्ग गुरुङ, कास्कीका अध्यक्ष जयलाल पुन, वरिष्ठ सल्लाहकार लक्ष्मण कार्की, कास्कीका सहअध्यक्ष वरुणविक्रम राणा लगायतले आफ्नो भनाई राखेका थिए । आगामी जेठ १० गते हुने पार्टीको केन्द्रीय अधिवेशनलाई सफल बनाउन जिल्लास्तरमा अधिवेशन तथा सम्मेलनले तीव्रता पारिएको बताइन्छ ।

अनेरास्ववियु जनप्रियको हजिरीजवाफ प्रतियोगिता

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ वैशाख ।

पाचौं क्याम्पस कमिटी सम्मेलनको पूर्वसन्ध्यामा अनेरास्ववियु सम्मेलन आयोजक कमिटी जनप्रियले सोमबार क्याम्पसको विविए हलमा अन्तर संकाय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरेको छ । प्रतियोगितामा सुजन आचार्य नेतृत्वको स्नातोकोत्तर तह व्यवस्थापन संकायले प्रथम स्थान हासील गरेको छ, भने स्नातक तह विविए युवराज काफ्लेको समुहले द्धितिय स्थान हासिल गरेको छ । त्यस्तै तृतिय स्थानमा मधु अर्याल नेतृत्वको स्नातक तह व्यवस्थापन संकाय द्धितिय वर्ष पर्न सफल भएको छ । सम्मेलन आयोजक कमिटी संयोजक संगम बरालको अध्यक्षतामा सम्पन्न प्रतियोगिताको प्रमुख अतिथी अनेरास्ववियु क्याम्पस जिल्ला कमिटी कास्कीका अध्यक्ष अर्जुन अधिकारीले यस्तै रचनात्मक कार्यक्रमहरु गर्दै जनप्रियको विद्यार्थी आन्दोलनलाई अगाडी बढाउनुपर्ने बताएका थिए ।

जेठ १४ गते हुने स्ववियु निर्वाचनमा अनेरास्ववियुलाई क्याम्पसको पहिलो शक्ति बनाउनुपर्ने जोड दिए । प्रतियोगितामा अनेरास्ववियु जनप्रिय क्याम्पस कमिटी पुर्व सचिव तथा पुर्व जिल्ला प्रचार विभाग प्रमुख देवेन्द्र ढकाल, अनेरास्ववियु जिल्ला सचिवालय सदस्य तथा प्रचार विभाग प्रमुख क्षितिज पौडेल र अनेरास्ववियु जिल्ला सचिवालय सदस्य तथा पुर्व क्याम्पस कमिटी अध्यक्ष दिनेश ढकालको उपस्थिती रहको थियो । प्रतियोगिताको सञ्चालन सम्मेलन आयोजक कमिटी सचिव दिपिन ढकालले गरेका थिए भने स्वागत मन्तव्य सम्मेलन आयोजक कमिटी सह-संयोजक विवेक लम्सालले गरेका थिए । अनेरास्ववियु जनप्रिय क्याम्पसको क्याम्पस कमटी सम्मेलन यही बैशाख १७ गते बुधबार क्याम्पसको विविए हलमा नेकपा एमाले राष्ट्रिय प्रतिनिधी परीषद सदस्य तथा कास्की क्षेत्र नं ३ का सभासद रविन्द्र अधिकारीले उद्घाटन गर्ने कार्यक्रम रहेको अनेरास्ववियु सम्मेलन आयोजक कमिटी संयोजक संगम बरालले बताए ।

लेखनाथ वडा नं ५ मा उद्घोषण तालिम सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ वैशाख ।

लेखनाथ नगरपालिकाको आयोजनामा महिला लक्षित कार्यक्रम अर्न्तगत वडा नं ५ को समन्वयमा दुई दिवसीय उद्घोषण कला तालिम आईतबार सम्पन्न भएको छ ।

समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा बोल्दै लेखनाथ नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख मीना भट्टराई भण्डारीले महिला लक्षित कार्यक्रमको बजेट भौतिक विकाशका कार्यमा मात्र खर्च गर्ने परिपाटीको अन्त्य हुनुपर्ने बताइन । उनले क्षमता र सीपको विकाश गराउनु पनि विकासको पाटो भएको बताए । कार्यक्रममा वडा नं ४ र ५ का वडा सचिव रेशमलाल पौडेलले तालिममा सिकेका कुराहरु व्यवहारिक जीवनमा प्रयोग गर्नुपर्ने बताए । महिलाहरुको क्षमता विकाशका लागि उद्घोषणकला निकै महत्वपूर्ण रहेकाले आगामी वर्ष पनि यस किसिमका तालिमहरु आयोजना गर्ने सचिव पौडेलको भनाई थियो । सो अवसरमा प्रशिक्षार्थी शोभा रानाभाटले तालिमले धेरै कुरा सिकाएको बताउँदै महिलाहरुका लागि छुटचाईएको बजेट यस्तै किसिमका क्षमता अभिवृद्धिमूलक कार्यक्रममा खर्च गरिनुपर्ने आवश्यकता औंल्याए । अर्का प्रशिक्षार्थी लक्ष्मी भट्टाईले दुईचारजनाको अघि उभिएर आँफ्ना कुरा राख्न निकै अप्ठेरो लाग्ने गरेकाले महिलाहरु पछि परेको भन्दै तालिमले ढुक्क भएर आफ्ना कुरा भन्न र प्रभावकारी तरिकाले कार्यक्रम सञ्चालन गर्न तालिमले सहयोग पुगेको बताए । सहभागी पुर्णिमा भुजेलले व्यवहारिक ज्ञान प्राप्त गरेपछि आफुमा आत्मविश्वास बढेको बताउँदै आफ्ना आमा समुह महिला समुहको कार्यक्रम संचालन आफै गर्न सक्ने भएको बताए । तालिमका सहजकर्ता थ्रि एन्जल्स रेडियोका जीवन सुवेदी र गण्डकी संचार गृहका घनश्याम पाण्डेयले सिकेको सीप लाई व्यवहारिक रुपमा प्रयोग गर्न आग्रह गरे ।

ओलीको...

झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष विद्यादेवी भण्डारी, महासचिव ईश्वर पोखरेल, नेता भरतमोहन अधिकारीलगायतका नेता सोमबार अस्पताल पुगेका थिए । ओलीलाई आराम गर्नुपर्ने भएकाले शीर्ष नेता र पारिवारिक व्यक्तिबाहेक अन्यलाई भेटघाट निषेध गरिएको उनका सहयोगी इन्द्र भण्डारीले जानकारी दिए ।

सरसफाइकर्मी सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ वैशाख ।

लेखनाथ विभूति सकेण्डरी बोर्डिङ स्कूल रामबजार पोखराले १२ जना सरसफाइकर्मीलाई सोमबार सम्मान गरेको छ । विद्यालयले गत शनिबार पोखरा उपमहानगरपालिकामा कार्यरत ३० जना सरसफाईकर्मीलाई सम्मान गरेको थियो । सरसफाईकर्मी बालु जलारीले जीवनमै पहिलोपट आफू सम्मानित भएकोमा खुशी व्यक्त गरे । काम गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गर्नुपर्छ भन्ने सोचाइका साथ सम्मान गरिएको विद्यालयकी प्राचार्य सुशिला केसी अधिकारीले बताइन । पोखरामा वार्षिक ९० टन फोहोर उत्पादन हुनेगर्दछ । करिव ८ टन वार्षिकरुपमा बढिरहेको छ । पोखरामा प्लाष्टिकजन्य पदार्थहरु बढि संकलन हुने गरेको सरसफाइ शाखाका प्रमुख चुडामणि तिवारीले जानकारी दिए ।

विद्यालयले स्थानीय निकायका कर्मचारीलाई सम्मान गरेकोमा धन्यवाद दिदै राम्रो काम गर्ने एक पटक जोकोहि पनि सम्मानित हुने तिवारीले बताए । कार्यक्रममा शिक्षक रोहिणी ढकाल, संस्थापिका रेखा थापा कार्की, पोखरा उपमहानगरपालिका सरसफाई शाखाका कर्मचारी हर्क गायक लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

वेटर/वेट्रेस प्रशिक्षार्थीलाई प्रमाणपत्र

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ वैशाख ।

हिमालयन कलेज अफ हस्पिटालिटी म्यानेजमेण्टको आयोजना र नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, व्यवसायिक तथा सिप विकास तालिम केन्द्र पोखराको सहयोगमा चार हप्ते नि :शुल्क वेटर/वेट्रेसे तालिम लिने प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको छ । कार्यक्रममा बोल्दै व्यवसायिक तथा सीप विकास तालिम केन्द्र पोखराका प्रमुख तिलकराम रिजालले शिक्षालेमात्र जीवन पूर्ण नहुने र सफल जीवन यापनको लागि शिक्षा सँगै सीप आवश्यक रहेको बताए । त्यस अवसरमा सांग्रीला भिलेज रिसोर्टका अर्जुन मैनालीले प्रशिक्षार्थीहरुले सीपको साथै आचरणमा पनि सकारात्मक परिवर्तन ल्याउनुपर्नेमा जोड दिए । कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट बोल्दै संजिता हमाल तथा सन्तोष पौडेलले आफूले प्राप्त गरेको तालिम व्यवासयिक मात्र भनई घरमा आउने पाहुना लगायत् सम्पूर्ण घरपरिवार, साथीभाईमा गरिने सत्कार एवं व्यवहार सम्बन्धि ज्ञान प्राप्त गरेकोले तालिम उपलब्धिमलुक भएको बताइन । तालिमको प्रशिक्षकको रुपमा चिज कुमार श्रेष्ठ रहेका थिए । हिमालयन कलेज अफ हस्पिटालिटी म्यानेजमेण्टका प्रबन्ध निर्देशक ज्ञानबहादुर रानाले तालिममा हासिल गरेका ज्ञान तथा सीपलाई व्यवहारमा उतार्न सकेमात्र तालिमको औचित्य रहेको र यसबाट आफूले सन्तुष्टि प्राप्त गर्ने बताए ।

अहमद खेल दिवस सम्पन्न

पोखरा १५ वैशाख ।(गोल्डेन)

भूपू सैनिक सङ्घ १/३ जीआरको अहमद खेल दिवस सम्पन्न भएको छ । २४ अप्रिल १८१५ मा भारतको उत्तरी भेग कुमाउँको अलमोडामा स्थापित १/३ जीआर विविध देश तथा विदेशमा युद्धमा होमिएपनि १९ अप्रिल १८५० मा अफगान युद्धमा ठूलो क्षति व्यहोर्नु परेकोले त्यसताकाका अंग्रेज सरकारले पल्टनलाई अहमद खेल दिवसको विभूषित घोषणा गरेको अवसरमा त्यस दिनदेखि नै पल्टनले यो दिवस मनाउँदै आइरहेको छ । कार्यक्रममा २ सय जना पल्टनका भूपू परिवारको उपस्थिति रहेको थियो । विगत तीन वर्ष अगाडिदेखि गण्डकी, धौलागिरि अञ्चल अन्तरगतका जिल्लाहरू मध्येका भूपूहरू संगठित भइ यो दिवस मनाउँदै आइरहेको छ ।

सार्वजनिक सूचना

यस लेनपा २ बस्ने मोतिलाल दवाडीको छोरा ईश्वरी प्रसाद दवाडीको नाउामा रहेको साविक अर्घौं,३ को कि.नं २९३६ समेत क्षे.फ.०-५-२-१ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र उत्तर र पश्चिम तर्फका सधियारा फेला नपरेकोले कोही साधासधियारालाई बाधा पर्नै भए आजका मितिले सात दिन भित्र सर्म्पक गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
२९३६ समेत	कुलो	२९४०	२५८५	बाटो

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

बर्गीकृत विज्ञापन

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ ।

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४१२

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङकर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

आकर्षक घडेरीहरू बिक्रीमा

पोखरा उपमहानगरपालिका-११ फूलवारीको सफामार्गमा पर्ने आकर्षक घडेरीहरू सुपथ मूल्यमा बिक्रीमा छन् । इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

घडेरीहरू :
२० हात मोहडा र ३५ हात पिछाड भएको-२ वटा
२० हात मोहडा र ४५ हात पिछाड भएको-१ वटा
सम्पर्क : ०६१-५३२३७२, ९८०११६८७०४

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

सुनौलो एफएममा ज्योतिष जागरण

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

चावी घर (Key House)

सिद्धार्थचोक, पोखरा
फोन : ०६१-५२५११९०, ९८५६०२५४९०, ९८०४११३२५१
हाम्रा सेवाहरू : हरेक प्रकारका तालाको चावी डुप्लिकेटिङ्ग, रिपेयरिङ्ग, होम सर्भिस र बन्द रहेको सबै किसिमको दराज, सेफ, ढोका, गाडी, मोटरसाइकल, पोष्टवक्स, टेवल, फाइलिङ्ग क्याविनेट, सुटकेश, नम्बर चावी, सेक्युरिटी लक आदि बन्द खोल्न होम सर्भिसको व्यवस्था छ ।
मास्टर की बनाउनुका साथै चावी सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सिद्धार्थ पूजा सामग्री भण्डार सिद्धार्थचोक पोखराको खुसीको खबर

हामी कहाँ विवाह, व्रतबन्ध, रुद्री, सप्ताह, चौरासी आदि पूजाहरु धर्ममा चाहिने सम्पूर्ण पूजा सामग्रीहरुको होलसेल तथा खुद्रा बिक्री गरिन्छ साथै ज्योतिष, तान्त्रिक आक्षत देखाउने व्यवस्था पनि गरिएको छ। साथै पण्डितको पनि व्यवस्था छ।
सम्पर्क: विनोद दाहाल
०६१-५२५३८९, ९८५६०३१६८५

निःशुल्क तालिम

यस गुरुङ हस्तकला तालिम केन्द्रले सम्पूर्ण दिदीबहिनीहरूको लागि
१. गुडिया बनाउने तालिम
२. फूल बनाउने तालिम
सम्पर्क : गुरुङ हस्तकला केन्द्र
नयाँबजार, पोखरा-९
(सगरमाथा उच्च मावि नजिकै)
सम्पर्क : ९८४६१९७४८०

कुरियर सेवा

देश विदेशमा चिठीपत्र एवं अन्य पार्सल पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
WorldTouch Cargo & Courier Pvt.Ltd.
चिप्लेढुङ्गा, पोखरा
मो. ९८५६०३६६१०, ९८०६७३८३००

खानेपानी चाहिएमा

मूलको शुद्ध खानेपानी चाहिएमा र मिनरल वाटर र जार पानी चाहिएमा सम्झनुहोस् ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६

एड्स रोग नियन्त्रण संघ कास्कीलाई सहयोग

पोखरा १५ वैशाख ।(गोल्डेन)

थकाली सेवा समिति जापानले संकलन गरेको रकम एक कार्यक्रमकाबीच सोमवार एड्स रोग नियन्त्रण संघ कास्कीलाई हस्तान्तरण गरेको छ । समितिका अध्यक्ष बुद्धि गौचनको नेतृत्वमा संकलित ४० हजार रुपैयाँ संघका कोषाध्यक्ष रामप्रसाद अधिकारीलाई हस्तान्तरण गरिएको हो । कार्यक्रममा बोल्दै थकाली सेवा समिति जापानका अध्यक्ष बुद्धि गौचनले संघले गरेको एचआइभी एड्स विरुद्धको अभियानमा आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिइने बताए । अध्यक्षको अशनबाट बोल्दै संघका अध्यक्ष विश्वमोहन गौचनले सहयोगी हातहरुकै कारण संघले १७ वर्षदेखि एच.आई.भी. एड्स सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको बताए । कार्यक्रममा सल्लाहकार अमृतलाल श्रेष्ठ, सचिव राजन उपाध्याय र सदस्य पुरुषोत्तम श्रेष्ठ लगायतले आ(आफ्नो भनाइ राखेका थिए । समितिले यसअघि पनि संघलाई सहयोग गर्दै आएको छ ।

प्राप्त रकममध्ये २० हजार बुद्धि गौचन र बाँकी अम्बिका गौचन र अमुल गौचनले प्रदान गरेका थिए । वि.स. २०५४ सालमा स्थापना भएको एड्स रोग नियन्त्रण संघ, कास्कीले स्थानीय स्रोत र साधनको उपयोग गर्दै एच.आई.भी. एड्स सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कम्प्युटराइज सरकारी लेखा प्रणाली

पोखरा, १५ वैशाख ।(गोल्डेन)

महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय पोखराको आयोजनामा सोमबारदेखि कम्प्युटराइज सरकारी लेखा प्रणाली सुरु भएको छ । पहिलोचरणमा पोखरास्थित विभिन्न १६ वटा सरकारी कार्यालय र ७५ वटै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयमा सोमबारदेखि एक साथ उक्त प्रणाली सुरु भएको छ । आर्थिक वर्ष २०७१/७२ को साउन महिनादेखि नेपाल सरकारका २७ मन्त्रालय, ६२ विभाग र करिब आठ हजार कार्यालयमा उक्त प्रणाली सुरु हुने बताइएको छ ।

जाँड रक्सी
साथै चुरोट गाँजा थाहा नदिई ३ दिनमा नै छुटाउने ।
SEX शिघ्र स्खलन, उत्तेजना नहुने साथै लिङ्गको मोटाई र लम्बाई बढाउने उपकरण जस्तो सुकै यौन समस्याको सफल उपचार
१ महिनामा ३ देखि १० के.जी.सम्म मोटोपन घटाउने
HIGHT: १ महिनामै ३ इन्च सम्म उचाई बढाउने
भेजीना : टिनेजरको जस्तै कसिलो बनाउने जेल साथै ड्रप्स
चाँया कालो पोतो: डण्डीफोर, दाग, चाउरीपन, मखिया हटाई पुरै शरिर गोरो बनाउने Fear Look
दुप्लो पातलो : शरिरको तौल एक महिना मै ३ देखि १० केजी बढाउने ।
चिरा : महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउने
स्तन : चाहेजती बढाउने, घटाउने साथै टाइटमर्ने क्रिम
केश : झर्न रोकी तुरुन्तै उमार्ने HERBAL OIL
हामीकहाँ एलोभेरा जुस पनि पाइन्छ ।
पुरानो ग्याष्टिक, दम, पायल्स ठिक पार्ने हर्वल चुर्ण
POWER POINT: ढाड तथा हाडजोर्नी दुखाई तुरुन्तै ठिक पार्ने मसाज तेल
टि.भी तथा पत्रिकामा देखाईने सम्पूर्ण सामानहरु हामीकहाँ पाइन्छ ।
फ्रि होम डेलीभरी
माछापुच्छ्रे हर्बो ट्रेड
पृथ्वीचोक (पोखरा विजनेश कम्प्लेक्स भित्र), फोन नं.: ०६१-५३१८६७, मो. ९८४६१-३७४१८

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
⇨यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, छिलापन, टेढापन, हटाउन, पुन सुहाग रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
⇨केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
⇨मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
⇨उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
⇨तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
⇨थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
⇨तौल घटाउने जापनिज deit मात्र २५००।-
⇨ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेननिल
✱ तौल घटाउन Slim 24 pro
पोखरा हर्वल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

खुशीको खबर ! खुशीको खबर !!
के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरू : पोखरा भ्याली, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014696, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

के तपाईमा यौनसम्बन्धी समस्या छ ???
पुरूषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार
जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१

Apply without IELTS
WHY NOT
NEW ZEALAND
- Comparably Affordable Tuition Fee
- Job Search Visa After Study
- High Visa Success Rate
- Get (Airport Pick Up/ 2 Weeks Accommodaion/Laptop/Mobile Sim) PROVISION OF NTEC, Auckland
- Many - Subjects/Colleges/Cities @ Your Choice
TRINITY EDUCATION FOUNDATION
Bastolathar, Mahendrapool, Pokhara BRANCH: Chakrapath Maharajgunj, KTM
T: 061-525739 / 521639
Ktm: 01-4720635 / 4720655
info@trinityeducation.edu.np

१००% ग्यारेन्टी उपचार
१) चायाँ, पोतो डन्डीफोर र मखियालाई एक हप्तामै ग्यारेन्टीका साथ हटाइने । (रू.3000 मात्र)
२) मोटोपना बिना Side effect 100% ८ केजी एक महिनामा घटाउने ।
३) कपाल झर्न रोक्न र कपाल उमार्ने । सेतो फुलेको कपाललाई ५ मिनेटमै कालो बनाउने ।
४) महिनामा १-३ इन्च हाईट बढाउने Dr. Ayurbeda 100%
५) मोटोपन बढाउनकालागि आयुर्वेदिक औषधी ।
६) चाउरीपना हटाउने ।
७) पिनासका लागि आयुर्वेद औषधि
८) पेटमा भएको धर्सा हटाइने विशेष गरी महिल
९) स्तन घटाउने, बढाउने र टाइट गर्ने 100% Gu
१०) गोरोपन र चम्किलो मुहारकालागि रूप अमृत ।
११) जाँड, रक्सी, सुर्ती, चुरोट केही दिनमा थाहा नदिइ हटाइने ।
स्किन टेस्ट गरेर हर्वल कस्मेटीक प्रोडक्ट प्रयोग गराईने 100% ग्यारेन्टीका साथ
Note:- हामीकहाँ स्किन टेष्ट गरेर हर्वल कस्मेटिक प्रोडक्ट प्रयोग गराइने 100% Guarantee का साथ ।
बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुंगा, पोखरा-९
(मल्ल इम्पोरियमको अगाडि) द्वा कम्प्लेक्स भन्दा दुई घर तल
फोन: ९८४६१५४१८८, ०६१-६२१२०२

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

हार्दिक समवेदना

जन्मः
वि.स.: १९८९/०३/१० गते

स्वार्गारोहण:
वि.स.: २०७१/०१/०३

स्व. सोमनाथ बराल

नेपाली काग्रेसका क्रियाशिल सदस्य एवं प्रजातान्त्रिक योद्धा **स्व. सोमनाथ बराल**को असमायिक निधनले हामीलाई अत्यन्तै स्तब्ध र मर्माहत बनाउनुको साथै अपुरणीय क्षति पुऱ्याएको छ । उहाँको निधन भएको आज नवौं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवार, आफन्तजन, ईष्टमित्रका साथै सम्पूर्ण शुभेच्छुकहरुमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

टोपबहादुर थापा (कार्यवाहक सभापति) एवं

नेपाली काँग्रेस वडा कार्यसमति, पोखरा-१५ परिवार

नेपाली युवा उद्यमी मञ्चको नयाँ योजना

गोल्डेन न्यूज संवाददाता
पोखरा,१५ वैशाख ।

नेपाली युवा उद्यमी मञ्च पोखराले दोश्रो 'लखपति बनौ' अभियान कार्यक्रम संचालन गरेको छ । पोखरामा क्रियाशील युवा उद्यमी व्यवसायीहरुको संस्था नेपाली युवा उद्यमी मचंद्वारा सञ्चालित पहिलो 'लखपति बनौ' कार्यक्रमको सफलता पछि सो कार्यक्रम कास्की र यसका आसपासको क्षेत्रमा उद्यमशिलता विकासका लागि दोश्रो पटक पनि लागू गरिएको मञ्चका अध्यक्ष अमितराज मुल्मीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

सो योजनाअनुरुप कुनै पनि ३८ वर्ष ननाघेका उद्यमशील ब्यक्तिले गरिरहेको वा गर्न चाहेको योजनाको विवरण सो संस्थालाई उपलब्ध गराएको मध्य संस्थाले छनौट गरी उत्कृष्ट उद्यमी नयां बजार स्थित माछापुच्छे झिलिङ्गा उद्योगलाई आवश्यक रु. एक लाख ऋण, बिना धितो उपलब्ध गराइने बताइन्छ । त्यसैगरी सो उद्योगलाई आवश्यक पर्ने उद्यमशीलताको ज्ञान, सीप र दक्षता अभिबृद्धि गर्न संस्थाले नै जिम्मेवारी लिने मञ्चले जनाएको छ । मञ्चका पूर्व अध्यक्ष सुनिलकुमार गोशलीले लखपति बनौं अभियानको शुरु गर्नुको आवश्यकता माथि चर्चा गर्दै पहिलो लखपति बनौंको सफलताले अर्को अभियानले निरन्तरता पाएको जानकारी दिए । उनले आगामी वर्षहरुमा समेत थप युवाहरुलाई यस अभियानमार्फत सहयोग पुग्ने विश्वास गरे । कार्यक्रममा मञ्चका निर्वतमान अध्यक्ष देवेन्सन प्रजुले दोश्रो लखपति बनौं अभियानमा छनोट भएका उद्योगलाई आगामी बर्षहरुमा बजार ब्यवस्थापन, आर्थिक ब्यवस्थापन, उत्पादकत्व लगायत अन्य सरसल्लाह तथा आवश्यक तालिम निःशुल्क रुपमा उपलब्ध गराउने प्रतिबद्धता जनाए । उक्त योजनाले उद्यम गर्ने र उद्यमशील बन्ने उत्साही युवाहरुलाई विशेष मद्दत पुग्ने र भविष्यमा सो अभियानले निरन्तरता पाउँदैं गर्ने मञ्चका प्रथम उपाध्यक्ष तथा यस अभियानका संयोजक प्रकाश देव पालिखेले जानकारी दिए ।

निर्मलपोखरीमा स्वास्थ्य शिविर

पोखरा १५ वैशाख ।(गोल्डेन)

कास्कीको निर्मलपोखरी गाविसमा निःशुल्क स्वास्थ्य शिविर हुने भएको छ । सदावहार युवा क्लब, सिद्धार्थ युथ क्लब, अभियान युवा क्लब र पोखेलथोक युथ क्लबको संयुक्त अयोजना तथा मनिपाल शिक्षण अस्पताल र ओम हस्पिटलका पेट, छाती तथा मुटुरोग बिशेषज्ञ डा.सिपी आचार्यको प्राविधिक सहयोगमा उक्त शिविर हुन लागेको हो । यही बैशाख २० गते निर्मलपोखरीमा रहेको जनजागृति निमाबि शिवालयमा शिविर हुने आयोजक समितिले जनाएको छ । शिविरमा ४० बर्षमाथिका व्यक्तिहरुको उच्च रक्तचाप, मधुमेह र दम रोग परीक्षण तथा निःशुल्क औषधि वितरण गरिने भएको छ ।

सिल्दुजुरे घटनाका पीडितलाई क्षतिपूर्ति माग

गोल्डेन न्यूज संवाददाता
पोखरा,१५ वैशाख ।

नेपाल ट्रेड युनियन काँग्रेस पश्चिमाञ्चल क्षेत्रीय समिति र कास्की शाखाले संयुक्त रुपमा सिल्दुजुरे घटनाका पीडितलाई समान क्षतिपूर्ति दिन आग्रह गरेको छ । क्षेत्रीय समितिका अध्यक्ष मुरारी शर्मा र जिल्ला अध्यक्ष कुलदेबी बरालद्वारा जारी विज्ञप्तिमा माथिल्लो सिल्दुजुरे गाविसमा निर्माणाधिन जलविद्युत आयोजनाको सुरुङ निर्माण क्रममा पहिरो जाँदा ३ जना मजदुरको निधनमा शोक ब्यक्त गर्दै घटनाका पीडितलाई क्षतिपूर्ति दिन सम्वन्धित पक्षलाई आग्रह समेत गरेका छन् । चालक सुजन गुरुङ, मजदुर नगेन्द्र तामाङ र अर्जुन तामाङको निधन भएको थियो भने अन्य मजदुरहरुको सकुसल उद्धार गरिएको थियो । विज्ञप्तिमा ब्यवस्थापन पक्षले वेलैमा सचेत नहुँदा घटना घट्न पुगेको बताउँदै पीडितलाई अधिकतम क्षतिपूर्ति प्रदान गर्न सम्वन्धीत पक्षसंग माग समेत गरेको छ ।

युनियनसंग आवद्ध १५ प्रतिष्ठानहरु नेपाल यातायात मजदुर संघ, नेपाल प्रेस युनियन, नाई संघ, सार्वजनिक सेवा कर्मचारी संघ, होटल ब्यवसायी संघ, घरेलु श्रमिक संघ, स्वास्थ्य कर्मी संघ, ब्युटिसियन संघ, वित्तिय कर्मचारी लगायतको बैठकले शोक ब्यक्त गर्दै घटनाका पीडितलाई छिटो भन्दा छिटो राहत दिन आग्रह समेत गरेको जिल्ला सचिव केशव भट्टराईले जानकारी दिएका छन् ।

यसैबीच नेपाल ट्रेड युनियन काँग्रेसले बैशाख १८ गते अर्थात मे १ को मजदुर दिवस मनाउने निर्णय समेत गरेको छ । आफ्ना आवद्ध प्रतिष्ठानहरुलाई अनिवार्य ब्यानर सहित आगामी बिहीबार आफ्नै कार्यालय पृथ्वीचोकबाट विहान ७ बजे हुने र्‍यालीमा सहभागी हुन आग्रह समेत गरेको छ ।

पञ्चासेमा सडक निर्माण कार्य शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा,१५ वैशाख ।

कास्की जिल्लाको पश्चिमी भेगमा रहेको भदौरे तामागी गा. वि. स. को वडा नं ९ स्थीत बैडाँडामा घाटिछिना पञ्चासे जोड्ने ग्रामिण सडक खण्ड स्थानीय पञ्चासे आर्दश युवा क्लबको सक्रियतामा सोलिङ गरिएको छ । पोखराबाट करिब २२ कि.मि. पश्चिम पर्ने उक्त सडक खण्ड प्रसिद्ध धार्मिक स्थल पञ्चासे पञ्धाम आवात्-जावत् गर्नको लागि कठिन रहेकाले क्लबले २ दिने सडक निर्माण कार्य सुरु गरेको क्लबका अध्यक्ष मन बहादुर गुरुङ्गले जानकारी दिए ।

पञ्चासे आर्दश युवा क्लबको योजना अर्न्तगत २५० मिटर सडक सोलिङ गरिएको र आउने दिनहरुमा यसलाई थप विस्तार गर्ने क्लबका उपाध्यक्ष केशव बहादुर गुरुङ्गले जानकारी दिए । क्लबका सचिव सन्त भुजेल, कोषाध्यक्ष प्रसाद गुरुङ्ग र क्लबका अन्य सदस्यहरुको विशेष सक्रियतामा उक्त कार्यक्रम सम्पन्न गरिएको बताइन्छ ।

हार्दिक बधाई एवं शुभकामना

सुनिल आचार्य + पुष्पा पौडेल

यस समाजका आजीवन सदस्यद्वय गोविन्द आचार्य एवं दुर्गा आचार्यका ज्येष्ठ सुपुत्र श्री **सुनिल आचार्य**को पोखरा लामाचौर, घार्मी निवासी श्री **पुष्पा पौडेल**संग यहि २०७१ वैशाख १० गते प्रणयसूत्रमा बाँधिनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दैं उहाँहरूको **सफल दाम्पत्य जीवन एवं उत्तरोत्तर प्रगति**को कामना गर्दछौं ।

'भातृत्वको भावना, समृद्धिको कामना'

जनकल्याण समिति परिवार

सिद्धकालिकास्थान, काहुँखोला, पोखरा-१३

नेपालको एकमात्र अर्थोपेडिक (हाडजोर्नी तथा नशा) हस्पिटल जोरपाटी,काठमाडौंका वरिष्ठ डा. कैलाश भण्डारी पोखरामा

के तपाईं लामो समयदेखि हाडजोर्नी तथा नशाको समस्याबाट पीडित हुनुहुन्छ ? जस्तै हातखुट्टा करकरी दुःख्ने, खुट्टा सुनिने, हात सुनिने, शरीरको सम्पूर्ण भागको मासु पोल्ने, हात खुट्टा झमझमाउने, युरिक एसिड, वाथ, नियमित उपचार गरी सन्चो नभएका बिरामी जस्तै हड्डीले नशा च्यापेको, हड्डी खिइएको, शरीरको सम्पूर्ण जोर्नीहरू दुख्ने, औषधि खाएर पनि सन्चो नभएका बिरामीहरूको सही उपचार गर्न जुन हाडजोर्नी, युरिक एसिड, वाथ रोग लाग्यो त्यही रोग सम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रही सही उपचार गर्न वरिष्ठ डा. कैलाश भण्डारी पोखरा आउँदै हुनुहुन्छ स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच मिति : वैशाख २० गते शनिबार
समय : बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म

सम्पर्क :
परिचित मेडिकल हल
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

कर्मचारी आवश्यकता

सुनौलो एफ.एम.१०२.२ मेगाहर्ज र गोल्डेन न्यूज दैनिकका लागि समाचारदाता र समाचार वाचकको आवश्यकता परेकोले ईच्छुक र अनुभवी व्यक्तिले तुरुन्त आफ्नो व्यक्तिगत विवरण सहितको निवेदन कार्यालयमा बुझाउन यो सूचना प्रकाशित गरिएको छ ।

कार्यालय :
मानवअधिकारचोक चिप्लेढुङ्गा, पोखरा
सुनौलो विल्डिङ्ग

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute
न्यूरोड ९, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

फेरी खुल्यो कोरियन

भाषा EPS TOPIK का लागि यही September 26 & 27 मा हुने परीक्षामा
१००% पास हुने गरी पढ्नको लागि पुग्नै पर्ने . . .
(EPS द्वारा ९९ नम्बरमा सुविकृत) परिवारभरकै पुरानो भाषा प्रशिक्षण केन्द्र
टप्स ल्याङ्ग्वेज

हाम्रा विशेषताहरु
- EPS-TOPIC 2014 को लागि नयाँ पाठ्यक्रम अनुसार कक्षा सञ्चालन भइरहेको छ ।
- २००८ देखि हालसम्मको EPS-KLT TOPIK परीक्षामा सतप्रतिशत पास गराउन सफल,
- कोरियन ID Holder तथा कोरियामा लामो समय पत्रकारिता गर्नुभई EPS TOPIK पढाउनकै लागि नेपाल आउनु भएका दक्ष प्रशिक्षकहरुद्वारा अध्यापन गराइने ।
- EPS अन्तर्गत विभिन्न मुलुकहरुमा लिइदै आइरहेको प्रश्नपत्रहरुको आधारमा अध्यापन गराइने १०० % पास गराउनको खातिर अमुक सुत्रहरु सिकाइने ।

इच्छा, शक्ति र लगानी तपाईंको, पास गराउने जिम्मा हाम्रो
TOPS Language & Training Institute
Tel.: 061-622289, 525835
महेन्द्रपुल (हुलाक पछाडि ओर्खा मेडिकलको दोस्रो तला), मेडिकल लाइन

काठमाडौंका मृगौंला रोग विशेषज्ञ पोखरामा

पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लिमा काठमाडौं विर हस्पतालको मृगौंला विभागमा लामो समय काम गरी हाल मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरमा कार्यरत मृगौंला रोग विशेषज्ञ डा. सन्तोष गुरुङ आउनुहुने भएकाले पोखरामै बसेर काठमाडौंको सुविधा लिने मौका नछुटाउनुहोला ।

मृगौंला रोग लाग्दा देखिने समस्याहरू

प्रत्येक महिनाको तेस्रो शनिबार

❖पिसाव पोल्ने, पिसावबाट प्रोटिनको मात्रा गईरहने । ❖हातखुट्टा, अनुहार फुल्ने, सुन्निने, ढाड, कम्मर दुख्ने । ❖सुगर (मधुमेह), व्लडप्रेसरका कारण मृगौला कमजोर हुने अवस्था । ❖मृगौलाको उपचार तथा डाइलाइसिस गराई रहेको विरामीहरू । ❖मृगौंला प्रत्यारोपण (फेरेका) गरेर औषधि खाइरहेका बिरामीहरूलाई नियमित सल्लाह लिनु परेमा । ❖रगतमा Urea/ Creatinine को मात्रामा बढिरहेको अवस्था । ❖मृगौंलामा पत्थरी/सिष्ट भएकाहरू । ❖लामो समयदेखि कुनै रोगको कारण औषधि लिइरहेको तर औषधिको मात्रा मिले/नमिलेको अवस्थामा मृगौंलाको क्षतिबाट बच्न आवश्यक सल्लाह लिनु परेमा । ❖सर्प तथा अन्य किराको टोकाइका साथै अन्य दुर्घटनाका कारण मृगौंलामा असर पर्ने भएकोले सो सम्बन्धी परामर्श गर्नुपरेमा । ❖उच्च तापक्रम/कम तापक्रममा साथै बढी शारीरिक परिश्रम प्रयोग गरी काम गर्दा मृगौंलामा असर पुग्न जाने भएकोले समयमै आवश्यक सल्लाह लिनुपरेमा ।

मृगौंला सम्बन्धी रगत जाँच गर्नुपर्ने बिरामीहरूले अघिल्लो दिन पनि सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क स्थान : **पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.,**
पोखरा-१०, इन्द्रचोक, (रंगशाला २ नं. गेट अगाडि)
फोन : ०६१-५२१५२४, ५२८२४३

मिति : २०७१ वैशाख २० गते शनिबार
समय : बिहान ८ बजेबाट

फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।

Study in Australia

Fast Track Offer letter and COE

Our students are getting offer in 1 week. COE in 1 week and the visa approval in 1 week. Its the fast track option and to make your dream to study in Australia within 1 or 2 months.

Apply now and you may be there within May to study for July 2014.

Fee:
A$ 11,600 (1st Year)
A$ 17,000 (2nd year)
A$ 17,000 (3rd Year)

Min Qualification: 10+2 with Min 50%
IELTS: 5.5
Deposit required: ~A$ 8,000/- only. (Semester and OSHC fee)
Students who have genuine bank balance and income source can apply without education loan.

Unicampus EDUCATION NETWORK
www.unicampus.edu.np
Pokhara Office:
Chipledhunga, Pokhara, Nepal
[Oppt. to Old Saleways Dept. Store]
T:061-551805, 9846049095
Head Office: KTM, Putalisadak | 01-4418019

Study in JAPAN

ASAHI SHINBUN INTRODUCES

APRIL SESSION 2014 मा १९ जनाले Scholarship पाउन सफल

Requirements:
NAT/JLPT Passed
+2 Passed or more.
Bike License.

100% Scholarship

विशेषताहरु:-
- Sponsorship नचाहिने
- Bank Balance नचाहिने
- Free Ticket
- JOB Guarantee

(JLECC)
Japanese Language & Education Culture Center
New Road, Pokhara, Mansona Squire (Top Floor)
061-538376

TOSHIBA Leading Innovation

ENGINEERED TO LEAD

Bring home the state of art Japanese technology specifically designed to meet your needs of durability, high performance and the best value for your purchase.

360 Be Connected
Improved PICTURE Quality | Beautiful SOUND | Ease of CONNECTIVITY | DESIGN of Desire

39" Smart TV
39L4300
* Conditions apply.

TOSHIBA SURE SHOT
आयो नयाँ वर्ष खुशी अनि उमंग ल्याई
ल्यायो उपहार भयो TOSHIBA सबैको रोजाई
Logitech Keyboard & Mouse (Wireless) | Silver Diyo 40g | Silver Diyo 25g | T-Shirt | CG IRON

XCHANGE OFFER
बिस्तृत जानकारीको लागि नजिकैको TOSHIBA को डिलरमा सम्पर्क गर्नुहोला ।

with Android | Screen Mirroring | Audio Source FILTERING | INTELLIGENT AUTO VIEW | Youtube SendtoTV | Sound Redirection | USB MOVIE | FULL HD | FOOTBALL MODE

Marketed by: CG EOL
Puspa Ratna Traders- 061-541039, Star Vision, Pokhara: 061-530855
Pumari Electronics, Pokhara- 061-538285, BG Electronics
Pokhara- 061-532483, Goodwill Eectronics, Pokhara- 061-530764
12 Months Warranty | 0% Finance | ISO 9001:2008

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा –सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा